# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः २८ अप्रेल २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. भाजपाको वरिष्ठ नेता अनि प्रधानमंत्री नरेंद्र मोदीले आज कर्नाटकको बेलगावीमा भाजपा उम्मेद्‌वारहरुका लागि प्रचार गर्नुहुँदै विगत १० वर्षमा उहाँको सरकारले किसान उत्पादक संगठनको माध्यमद्वारा साना किसानहरुका लागि सहायता पुर्याएको बताउनुभएको छ।

२. भारत सरकारको उद्योग वाणिज्य मंत्री पीयूष गोयलले आज तेस्रो नेपाल इन्भेस्टमेन्ट समिटलाई भर्चुअल माध्यमद्वारा सम्बोधन गर्दै भन्नुभयो कि भारत सरकार सदैव आफ्नो छिमेकी राष्ट्रहरुको विकासमा साझेदार बन्नेछ।

३. भारतीय रेलवेको उपक्रम आई.आर.सी.टी.सी-ले पुरी, गंगासागर अनि अयोध्या धाम यात्राको लागि रेलगाड़ी चलाउनेछ।

४. भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्‌डाले पश्चिम बंगालको सन्देशखालीको स्थितिको निम्ति मुख्यमन्त्री ममता ब्यानर्जीलाई जिम्मेदार ठहराउनु भएको छ।

५. मौसम विभागले पश्चिम बंगाल, ओडिशा, बिहार अनि झारखण्डमा आउदो चार दिनसम्म तातो हावा साथै लू चल्ने सम्भावना व्यक्त गरेको छ।

**पी.एम मोदी**

भाजपाको वरिष्ठ नेता अनि प्रधानमंत्री नरेंद्र मोदीले आज कर्नाटकको बेलगावीमा भाजपा उम्मेद्‌वारहरुका लागि प्रचार गर्नुहुँदै विगत १० वर्षमा उहाँको सरकारले किसान उत्पादक संगठनको माध्यमद्वारा साना किसानहरुका लागि इनपुट लागतमा कटौती गरी तथा कृषि उपजको लागि बाजार खोलेर सहायता पुर्याएको बताउनुभएको छ। १० करोड़भन्दा अधिक महिला स्वयं सहायता समूहहरुलाई वित्तीय सहायताको लाभ पुगेको अनि किसानहरुले ईंधनमा इथेनल मिलाए पश्चात उनीहरुलाई ७० हजार करोड़ रुपयाँको लाभ पुगेको पनि श्री मोदीले बताउनुभयो। उहाँको सरकार द्वारा पारित भारतीय न्याय संहिताले कानून अनि व्यवस्थालाई असल प्रबंधन सुनिश्चित गर्ने पनि प्रधान मंत्रीले बताउनुभयो। उहाँले कर्नाटकको वर्तमान कांग्रेस सरकारमाथि विगत भाजपा सरकार द्वारा पीएम कृषि सम्मान योजनाको माध्यमद्वारा किसानहरुलाई दिइने ४००० रुपयाँमा कटौती गरेको आरोप पनि लगाउनुभयो। कर्नाटकमा कांग्रेसको वोट बैंक अनि तुष्टीकरणको राजनीतिको कारण राज्यमा कानून व्यवस्था बिग्रिरहेको पनि श्री मोदीले बताउनुभयो। उहाँले हालै हुबलीमा नेहा हिरेमथको हत्या अनि रामेश्वरम कैफेमा भएको बम विस्फोट को पनि उल्लेख गर्नु भयो। कांग्रेसको आलोचना गर्दै यस चुनावको अवधि केंद्र सरकार द्वारा प्रतिबंधित संगठन पीएफआईको सहायता कंग्रेसले लिएको आरोप पनि प्रधान मंत्रीले लगाउनुभयो। उहाँले एचएएल अनि भारतमा निर्मित कोरोना भ्याक्सीन बारे गलत सूचना अभियान चलाउनका लागि कांग्रेस जिम्मेदार रहेको पनि बताउनुभयो।

****** ० ******

**नेपाल इन्वेस्टमेन्ट समिट**

भारत सरकारको उद्योग एवं वाणिज्य मन्त्री पीयूष गोयलले आज तेस्रो नेपाल इन्वेस्टमेन्ट समिट २०२४ लाई भर्चुअल माध्यमद्वारा सम्बोधित गर्नुहुदै- नेपालको समग्र विकासमा भारत सदैव तत्पर रहेको बताउनुभयो। भारत सरकार 'छिमेकी पहिला' नीति अन्तर्गत सदैव आफ्नो छिमेकी देशको सुख अनि दुखमा सामेल हुनुका साथै उनीहरुको विकासमा पनि साझेदार बन्दछ। श्री गोयलले भन्नुभयो- नेपाल भारतको सबैभन्दा छेउको छिमेकी हो। नेपालसँग हामी खुल्ला सीमासँग जोडिनुका साथै युगौं पुरानो सभ्यता र संस्कृतिसँग जोडिएका छौ। उहाले भन्नुभयो- नेपालको विकासमा हामी सदैव साचो र विश्वसनीय मित्र सरह सँगै बस्छौ। जसरी नेपाल र भारतको सम्बन्ध हिमालय जस्तै अटल छ,

त्यसरी नै नेपालको विकास साझेदारको रूपमा भारत उभिएको छ भनी उहाले अझ बताउनुभयो।इन्वेस्टमेन्ट समिटलाई सम्बोधित गर्दै नेपालमा भारतका राजदूत नवीन श्रीवास्तवले भन्नुभयो- भारत र नेपालको व्यापारिक साझेदारी तथा नेपालको विकासमा भारतको योगदानलाई कुनै अन्य देशहरूसँग तुलना गर्न सकिँदैन। नेपालको अर्थतन्त्रमा सर्वाधिक सहयोग गर्ने हाइड्रो पावरमा सर्वाधिक निवेश भारतको छ। नेपालको पर्यटनमा पनि सर्वाधिक योगदान भारतीय मानिसहरूको रहेको छ।

****** ० ******

**आईआरसीटीसी-ट्रेन**

भारतीय रेलवेको उपक्रम इंडियन रेलवे कैटरिंग एंड टूरिज्म कह्रपोरेशन (आईआरसीटीसी)-ले पुरी, गंगासागर अनि अयोध्या धाम यात्राको लागि ट्रेन चलाउनेछ। यो ट्रेन आगामी १७ मईको दिन उदयपुरदेखि शुरु हुनेछ। यात्राको अवधि १२ दिनको हुनेछ, जसमा पुरीमा जगन्नाथ धाम, कोणार्कको सूर्य मंदिर, गंगासागर तीर्थ, कोलकाताको काली घाट मंदिर, बैधनाथ धाम, गयामा महाबोधी मन्दिर तथा विष्णुपद मन्दिर, वाराणसीमा काशी विश्वनाथ मन्दिर, गंगा आरती अनि अन्य स्थानीय मन्दिर तथा अयोध्यामा नवनिर्मित रामलला मंदिर तथा हनुमानगढ़ी तीर्थ जस्ता विभिन्न महत्वपूर्ण सनातनी धार्मिक स्थलहरुको दर्शन गराइनेछ। आईआरसीटीसीको संयुक्त महाप्रबंधक योगेंद्र सिंह गुर्जरले बताए अनुसार भारत गौरव टूरिस्ट ट्रेनको यो ट्रेन पर्ण रुपले तृतीय श्रेणी वातानुकूलित यात्री बोगीद्वारा सुसज्जित हुनेछ।

****** ० ******

**जे.पी नड्डा सन्देशखाली**

भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्डाले पश्चिम बंगालको सन्देशखालीको स्थितिको निम्ति मुख्यमन्त्री ममता ब्यानर्जीलाई जिम्मेदार ठहराउनु भएको छ। सोशियल मीडियाको एक पोस्टमा उहाँले आरोप लगाउदै भन्नुभएको छ कि सन्देशखालीका असामाजिक तत्वहरू त्यहाँका महिलाहरूको निम्ति अहिले पनि खतरा बनिरहेको छ। जाँच एजन्सीहरूसँग हमलाबारे बोल्दै उहाँले भन्नुभयो, पश्चिम बंगाल सरकारले राज्यमा अराजकता फैलाईरहेको छ। श्री नड्डाको बयानमाथि टिप्पणी गर्दै तृणमूल कंग्रेस नेता सागरिका घोषले भनेकी छिन् कि सन्देशखाली घटनाका सबै आरोपीहरू जेलमा छन्। उहाँले भाजपाले यौन उत्पीड़नको आरोपी सांसद बृजभूषण शरण सिंहलाई किन बचाइरहेका छन् भनी भाजपासँग प्रश्न गरेकी छिन्।

****** ० ******

**भाजपा नेता- विस्फोट**

उत्तर २४ परगना जिल्लाको हसनाबादमा एक भाजपा नेताको घरमा भएको विस्फोटको जांच गर्न सीआईडी आज घटनास्थलमा पुगे। भारतीय जनता पार्टी (भाजपा) का नेता निमाई दासका भाइ दिलिप दासको घरलाई पुलिसले घेरा हालेको छ। घटना भएको २४ घण्टा नबित्दै सीआइडीले जांच शुरु गरेको छ। नेताका भाइलाई अघिबाटनै पक्राउ गरिसकिएको छ। हिज शिमुलियाको कालीबारी इलाकामा भाजपा कार्यकर्ता निमाई दासका भाइ दिलीप दासको घरमा बम विष्फोट भएको थियो। घटनामा घरका एक महिला घाइते भएका छन्। पुलिसलेले भाजपा नेताका भाइलाई पक्राउ गरेको छ। पश्चिम बङ्गालका मुख्यमन्त्री ममता ब्यानर्जीले दिलीप दासले आफ्नै घरमा विष्फोटक पदार्थ राखेको बताएका छन्।

****** ० ******

**तृणमूल कार्यकर्ता- हत्या**

बागुईआटीको अर्जुनपुर पश्चिमपारा छेत्रमा तृणमूल कार्यकर्ताको पिटेरै हत्या गरिएको खबर छ। यस मामलामा १३ व्यक्तिहरुलाई पुलिसले पक्राउ गरेको छ। हत्याको आरोप तृणमूल समर्थहरु माथिनै लागेको छ। तृणमूल कंग्रेसको अन्तरिक मतभेदको कारण कार्यकर्ताको पिटेर हत्या गरिएको आरोप छ। सुत्रहरु अनुसार, हिज राती बागुईआटीको अर्जुनपुर स्थित पश्चिमपाड़ा छेत्रमा तृणमूलको दुई समूह बीच झड़प भयो। हेर्दा-हेर्दै स्थिति बिग्रियो। सूचना पाउन साथै पुलिसले आएर स्थितिलाई नियन्त्रित गरे तर राती दुवै गुट बीच फेरी झड़प शुरू भयो। त्येस छेत्रमा बिजुली काटेर कुटपीट शुरू भयो। यस अवधि संजीव दासको मृयु भएको बताईएको छ। मृतकका परिवारले रातीनै बागुईआटी थानामा शिकायत दर्ता गराए जसको आधारमा पुलिसले आरोपितहरुलाई हिरासतमा लिए। संजीवलाई सड़कमा लडाएर

उनको टाउकोमा रड, लट्ठी अनि ईटाहरु द्वारा प्रहार गरिएको मृतकका परिवार पक्षले दावी गरेका छन्। स्थितिलाई ध्यानमा राख्दै आज यस क्षेत्रमा पुलिस तैनाथ गरिएको छ।

****** ० ******

**जल समस्या**

पोखेबोङ ग्राम पञ्चायत तीनको नागरी फार्म चियाबारीको कतिपय ठाउँमा पानीको समस्या जटिल बन्दै गइरहेको छ। सुक्खा मौसममा पिउने पानीको हाहाकार देखिने कतिपय गाउँ मध्ये डाँडा गाउँ, मोक्तान गाउँ, क्लव गाउँ आदि रहेको छ। ग्रामवासीहरू अनुसार स्थिति गम्भीर बनेर गइरहेको छ साथै रित्तो गाग्री र जरकेनहरू लहरमा पालो पर्खेर बस्नुपर्ने स्थिति रहेको बताइएको छ। पानी भर्ने क्रममा कतिपय विद्यार्थी, चिया श्रमिक तथा अन्य कार्यमा सङ्लग्न मानिसहरूलाई बाधा भइरहेको छ भने जल जीवन मिसन योजनाको पानी उपलब्ध हुनमा समय लाग्नसक्ने भएकोले यस्तो स्थिति उत्पन्न भएको ग्रामवासीहरूको भनाई रहेको छ।

****** ० ******

**स्वरोजगार**

मिरिक कि छोरी रोमिला गुरुङ महिला सशक्तिकरणको एक उत्कृष्ट उदाहरण बनेकी छिन्। उहाले मिरिक झील परिसरमा पर्यटकहरूका निम्ति गोर्खा जातिका विभिन्न पहिरनहरू राखेर आफ्नो व्यवसाय शुरु गरेकी छन्। आजका युवाहरुमा आफ्नो संस्कृति र जातीय पहिरनको बारेमा सचेतना पनि बढ्ने विचार प्रकट गर्दै मिरिक झिल परिसरमा शुरू गरेको उनको पसलमा यतिबेला जातीय पहिरन लगाएर फोटो खिच्ने पर्यटकको भीड़ लागेको देखिएको छ। महिलाहरुले आफ्नै ठाँउमा ब्यवसाय शुरु गरे देश तथा बिदेशमा पलायन हुन नपर्ने धारणा रोमिला गुरुङले व्यक्त गरेका छन्।

****** ० ******

**आर्थिक सहयोग**

दार्जीलिङ्गको एक सामाजिक संस्था आशारिका फाउन्डेसनले एक १८ वर्षीया क्यान्सर पीडितको उपचार निम्ति आर्थिक सहयोग गरेको समाचार प्राप्त भएको छ। सोनादा मिलिङ बस्तीका निवासी पीड़ित परिवारका सदस्यलाई सहयोग राशि हस्तान्तरण गरिएको छ। पीड़ित उपचारका लागि सीएमसी भेल्लोर जानेछन् जहाँ परिवारलाई सहयोग र मार्गदर्शन गर्न आशरिका फाउन्डेसनले आफ्नो सहयोगीहरुलाई अपील पनि गरेको समाचार प्राप्त भएको छ।

****** ० ******

**सड़क दुर्घटना**

भूटान सीमा नजिक जयगांव छेत्रमा आज अपरान्ह एक सड़क दुर्घटनामा एक व्यक्तिको मृत्यु भएको छ भने दुईजना गम्भिर रूपमा घाइते भएका छन्। स्थानीय सुत्रहरु अनुसार, मदारीहाट निवासी हबीबुर रहमान आफ्नो पत्नी अनि छोरा सित बाइकमा जयगांव गइरहेका थिए। त्यसै समय जयगांवको मुख्य सड़कमा एउटा ट्रकको चपेटमा आउदा तिनैजना गंभीर रूपमा घाइते भए। त्येस पछि पुलिस अनि स्थानीय मानिसहरुले उनीहरुलाई लताबाड़ी अस्पताल पुर्याए जहां हबीबुर रहमानको मृतु भयो।

****** ० ******

**मौसम- हीट**

मौसम विभागले पश्चिम बंगाल, ओडिशा, बिहार अनि झारखण्डमा आउदो चार दिनसम्म तातो हावा साथै लू चल्ने सम्भावना व्यक्त गरेको छ। पश्चिम बंगालको धेरै जसो क्षेत्रहरूमा तथा बिहार, झारखण्ड अनि ओडिशाका केही क्षेत्रहरूमा उष्ण लहरदेखि भीषण उष्ण लहरका साथ पश्चिम बंगालका उप-हिमालय अनि सिक्किम, पूर्व उत्तर प्रदेश, तटीय आन्ध्र प्रदेश, तेलेंगना, तमिलनाडु, पुडेचेरी अनि आन्तरिक कर्नाटकका अलग-अलग क्षेत्रहरूमा ३० अप्रेलसम्म धेरै गर्मी हुने सम्भावना व्यक्त गरेको छ।

****** ० ******

************